# लिखु तामाकोशी गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः७ संख्याः७ मितिः २०८०\०३\२६

भाग–२


## लिखु तामाकोशी गाउँपालिका

## प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०

**प्रस्तावना:**सर्वसाधारण जनतालाई न्यूनतम शुल्कमा सहज रूपमा समयानुकुल नवीनतम् प्रविधिको ज्ञान र सिप प्रदान गरी आवश्यताअनुसारको दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै स्थानीय आवश्यकता परिपूर्ति उद्यमशीलता प्रवर्द्धन तथा स्वरोजगारी सृजना र युवा जनशक्तिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय माग अनुसारको प्रतिस्पर्धी क्षमता विकास गर्न कार्यविधि बनाई लागू गर्न वान्छनीय भएकाले,

**नेपालको संविधानको धारा २२६** तथा **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार** र **गाउँ शिक्षा ऐन २०७७ को दफा ६२** ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँ कार्यपालिकाले यो **लिखु तामाकोशी गाउँपालिकाको प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०** जारी गरेको छ।

## परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"लिखु तामाकोशी गाउँपालिकाको प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** रहेको छ।

क. यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि गाउँपालिका केन्द्र श्री झट्टेश्वर माध्यामिक विद्यालयमा प्राविधिक शिक्षालय स्थापना गर्ने र आवश्यकता अनुसार पालिका भित्र एवम् अन्य ठाउँमा पनि स्थापना गर्ने उद्देश्यले तयार गरिएको छ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

क. **"कार्यपालिका"** भन्नाले लिखु तामाकोशी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

ख. **"गाउँपालिका"** भन्नाले लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्छ।

ग. **" प्राविधिक शिक्षालय"** भन्नाले सम्बन्धित निकायबाट कानून बमोजिमस्वीकृति लिई प्राविधिक धारको शिक्षा उपलब्ध गराउन गाउँपालिकाद्वारा स्थापना गरिने शैक्षिक संस्थालाई सम्झनु पर्छ

घ. **"प्राविधिक शिक्षा"** भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटीइभिटी) बाट सम्बन्धन लिई दिइने प्राविधिक शिक्षालाई सम्झनु पर्छु

ङ. **"प्राविधिक शिक्षालय संचालक समिति "** भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित प्राविधिक शिक्षालय सञ्चालक समितिलाई सम्झनु पर्छ।

च. **"प्राचार्य "** भन्नाले प्राविधिक शिक्षालयको सम्पूर्ण शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने शिक्षालय प्रमुखलाई सम्झनु पर्छ।

छ. **"प्रशिक्षक "** भन्नाले प्राविधिक शिक्षालयमा नियुक्ति भई कार्यरत शिक्षक लाई सम्झनु पर्छ।

## परिच्छेद -२

### प्राविधिक शिक्षालय सञ्चालक समिति

३. प्राविधिकशिक्षालय सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिकामा देहाय वमोजिमको प्राविधिक शिक्षालय सञ्चालक समिति रहनेछः

| | |
|---|---|
| (क)गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत स्तरको कर्मचारी | – सदस्य |
| (ग) गाउँपालिका सामाजिक विकास समिति संयोजक | – सदस्य |
| (घ) समितिले मनोनित गरेको विषय विज्ञ | – सदस्य |
| (ङ) सम्बन्धित विद्यालय प्र.अ. | – सदस्य |
| (ङ) प्राविधिक शिक्षालयको प्राचार्य | – सदस्य–सचिव |

४. **प्राविधिक शिक्षालय सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरू:**

क. यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाद्वारा स्थापना भई सञ्चालन गरिने प्राविधिक शिक्षालय सञ्चालनको आवश्यक समन्वय र निर्देशन गर्ने।

ख. प्राविधिक शिक्षालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक नीति र योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने।

ग. प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोत साधनको उचित व्यवस्थापनका साथै सरोकारवाला निकायहरूसंग समन्वय गर्ने।

घ. प्राविधिक शिक्षालयमा कार्यरत प्रशिक्षक तथा करर्मचारीहरूको तोकिएको न्यूनतम भन्दा अन्य सेवा सुविधा निर्धारण गर्न नीतिगत व्यवस्थापन गर्ने ।

ङ. प्राविधिक शिक्षालयमा कार्यरत प्रशिक्षक तथा करर्मचारीहरूको तोकिएको न्यूनतम भन्दा अन्य सेवा सुविधा निर्धारण गर्न नीतिगत व्यवस्थापन गर्ने ।

## परिच्छेद -३

### प्रशिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था

५. लिखु तामाकोशीद्वारा स्थापना भई सञ्चालन गरिने प्राविधिक शिक्षालयमा देहायबमोजिम संगठन संरचना हाललाई निम्नानुसार हुने छ।

| क्र.स. | संरचना | दरबन्दी | तह/ श्रेणी | सेवा समूह | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रशिक्षक/ प्राचार्य | १ | अधिकृत स्तर सातौं | कृषि/पशु सेवा | |
| २. | प्रशिक्षक/ सहायक प्रशिक्षक | ५ | सहायक पाचौं स्तर / अधिकृत स्तर | कृषि/पशु | |
| ३. | प्रशासन शाखा | १ | सहायकस्तर पाचौं | प्रशासन | |
| ४. | आर्थिक प्रशासन शाखा | १ | सहायकस्तर पाचौं | प्रशासन/ लेखा | |
| ५. | पुस्तकालय | १ | सहायकस्तर चौथो | विविध | |
| ६. | कार्यालय सहयोगी | १ | | | |

## परिच्छेद -४

### प्रशिक्षक तथा अन्य कर्मचारीहरूको पदपुर्ति र सेवा सुविधा सम्बन्धी व्यवस्था

६. प्राचार्य, प्रशिक्षक, सहायक प्रशिक्षक र अन्य कर्मचारीहरूको पदपुर्ति, तलबभत्ता र अन्य सेवा सुविधा देहायबमोजिम हुने छ ।

(१) सबै प्रशिक्षक र अन्य कर्मचारीहरूको पदपुर्ति हाललाई प्रचलित कानून बमोजिम करारसेवाद्वारा गरिने छ।

(२) प्राचार्य छनौट गर्न प्राविधिक शिक्षालय सञ्चालक समितिले प्रचलित कानून बमोजिम कार्यविधि निर्माण गरी पदपूर्ति गर्न सक्ने छ।

(३) प्रशिक्षक तथा अन्य कर्मचारीहरूको करार सेवा मार्फत पदपुर्तिको लागि देहायबमोजिम छनौट तथा सिफारिस समिति रहने छ।

(क) प्राविधिक शिक्षालयको प्राचार्य - संयोजक
(ख) समितिले मनोनयन गरेको विषय विज्ञ - सदस्य
(ग) गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य

(४) प्राचार्य, प्रशिक्षक र अन्य कर्मचारीहरूको मासिक तलब तहगत रूपमा नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने छ । प्रत्येक प्रशिक्षक र कर्मचारीहरूलाई वर्ष भरिमा एक पटक मासिक तलबस्केल बराबरको चाडपर्व खर्च उपलब्ध गराईने छ।

(५) तलब भत्ता बाहेक अन्य शीर्षकको सुविधा सञ्चालक समितिको बैठकले तोके बमोजिम हुनेछ । अन्य सेवा सुविधा उपलब्ध गराउदा तलबस्केलको ५० प्रतिशतसम्म मात्र उपलब्ध गराइने छ।

## परिच्छेद -५

## विद्यार्थी भर्ना छनौट तथा अन्य व्वस्था

७. प्राविधिक शिक्षालयमा विद्यार्थी भर्ना छनौट तथा अन्य व्यवस्था देहाय बमोजिम हुने छ।

(१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले निर्धारण गरेको प्रकृया पुरा गरी विद्यार्थीको भर्ना तथा छनौट गरिने छ।

(२) कक्षा सञ्चालन र परीक्षा सम्बन्धी व्यवस्था राष्ट्रिय मापदण्ड अनुसार हुने छ। जसको लागि सिटिइभिटी, परीक्षा नियन्त्रण कार्यालय र अन्य सरोकारवाल निकायसंग समन्वय गरिने छ।

## परिच्छेद -५

## प्राचार्यको काम कर्तव्य र अधिकार

८. प्राविधिक शिक्षालयको प्राचार्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।

(१) प्राविधिक शिक्षालयको

८. **प्रचलित कानुन लागू हुने**: यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ।

९. **बचाउ**: यस अघि भए गरेका छात्रवृत्ति वितरण समबन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

७. **संसोधन**: यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ।

८. **प्रचलित कानुन लागू हुने**: यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ।

९. **बचाउ**: यस अघि भए गरेका छात्रवृत्ति वितरण समबन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ

६. **अनुगमनः** विद्यार्थीहरूलाई प्रदान गरिएको छात्रवृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अनुगमन गर्न सक्ने छ ।

७. **संसोधनः** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

८. **प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ ।

९. **बचाउः** यस अघि भए गरेका छात्रवृत्ति वितरण समबन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८०/०३/२६ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(बिनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०/०३/२६